आर्थिक वर्ष ०७४/०७५ को

# बजेट वक्तव्य

माण्डवी गाउँपालिका

प्यूठान जिल्ला

प्रदेश नं. ५

२०७४

**अध्यक्ष महोदय,**

नेपालको संविधान २०७२ ले गरेका व्यवस्था बमोजिम स्थानीय तहको निर्वाचन भई स्थानीय सरकारको हैसियतले इतिहाँसमा नै पहिलो पटक माण्डवी गाउँपालिकाको आफ्नो नीति तथा कार्यक्रम एवं बजेट आफै बनाउन र घोषणा गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । यो गौरवपूर्ण अवसरमा जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन, दलित तथा जनजाति आन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै घाईते तथा बेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दछु । राजनैतिक-सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति सद्भाव प्रकट गर्दछु ।

साडे २ दशकदेखि रिक्त स्थानीय निकाय (स्थानीय तह) को निर्वाचनमा सक्रियतापूर्वक मतदान प्रकृयामा सहभागी भई आफ्नो अमूल्य मत प्रदान गर्नुहुने सबै माण्डवी निवासी दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै निर्वाचन प्रकृयालाई सफल र सार्थक बनाउन भूमिका खेल्नुहुने सबैप्रति धन्यवाद तथा कृतज्ञता प्रकट गर्दछु ।

सीमित साधन र स्रोत असिमीत जनअपेक्षा र आवश्यकता, चरनबद्ध छलफलका लागि कम समय तर तोकिएको समयभित्रै कार्य सम्पन्न गरिसक्नुपर्ने बाध्यता, नीतिगत अन्यौलता, स्थानीय तहको कमजोर भौतिक संरचना, दरबन्दी भन्दा अत्यन्तै न्युन संख्यामा कर्मचारी उपलब्धता लगायतका नीतिगत, कानूनी, मानवीय, भौतिक, ब्यवस्थापकीय एबं अन्य वातावरणीय ब्यवधान र चुनौतिहरुको समाना गर्दै तथा यी चुनौतीहरुलाई अवसरको रुपमा लिँदै आज यो सम्मानित सभा समक्ष अब म आ.ब.२०७४/०७५ को लागि वार्षिक बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।
इतिहासमा पहिलो पटक र त्यसमा पनि अत्यन्तै छोटो र तिब्र तयारीका साथ तयार पारिएको यो बजेटमा संविधानमा उल्लेखित मौलिक हकहरु , संघीय सरकारले अङ्गिकार गरेका नीति तथा प्राथमिकताहरु , आवधिक योजनाले समेटेका बिषयहरु,नेपालले विश्व जगतमा जनाएका दिगो विकासका लक्ष्यहरु, स्थानीय तहका विकासका समसामयिक मुद्दाहरु र आम जनताले उठाएका आवाजहरु लगायत बिभिन्न बिषयगत समितिहरुबाट प्राप्त सुझावहरुलाई समेत समेट्ने प्रयास गरेको छु ।

**अध्यक्ष महोदय,**

अब म सर्वप्रथम विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना प्रस्तुत गर्दछु । आगामी आर्थिक बर्षका लागि कूल रकम रु.२३ करोड ६७ लाख ४१ हजार ७ सय अठार रुपैयाँ बत्तिस पैसा विनियोजन गरेको छु । जस मध्ये केन्द्र सरकारबाट वित्तीय समानीकरणमा रु. १२ करोड ३४ लाख ५२ हजार तथा सशर्त अनुदान तर्फ ६ करोड ६७ लाख ८२ हजार प्राप्त हुन आएको छ । माण्डवी गाउँपालिकाको आन्तरिक आयबाट आ.व. २०७४/०७५ मा ३५ लाख तथा जनसहभागिताबाट १ करोड ३९ लाख ९० हजार एकसय रुपैया प्राप्त हुने अपेक्षा सहित विनियोजन गरेको छु । साथै स्थानीय विकास मन्त्रालयबाट निकट भविष्यमा प्राप्त हुने सामाजिक सुरक्षा वाफतको रु.२ करोड २० लाख र आ.ब.२०७३/०७४ को अन्त्यमा फ्रिज नहुने गरी प्राप्त भएको पूँजीगत अनुदान रु.४८ लाख  तथा गत आ.व.को अ.ल्या.२२ लाख १७ हजार ६ सय अठार रुपैया बत्तीस पैसा समतेलाई यो बजेटमा समावेस गरेको छु ।

सशर्त अनुदान बापत प्राप्त कूल रकम रु.६ करोड ६७ लाख ८२ हजार केन्द्रबाट नै बिभाजन भई आईसकेको छ । जसमा शिक्षा मन्त्रालय अन्तर्गतबाट साबिकमा सञ्चालित सबैका लागि शिक्षा आधारभूत तह (आधारभूत तहका शिक्षक तलब भत्ता), माध्यमिक तह (शिक्षक तलब भत्ता) र बिद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु रहेका छन् । त्यसैगरी स्वास्थ्य मन्त्रालय अन्तर्गतबाट साबिकमा सञ्चालित स्वास्थ्य सँस्थाहरुको सञ्चालन खर्च तथा तलब भत्ता केन्द्रीय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम,आयुर्वेद सेवा कार्यक्रम, एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, औषधि, भ्याक्सिन, सामग्री प्याकिङ्ग र ढुवानी बापतको रकम लगायतका कार्यक्रमहरुलाई पनि सशर्त अनुदानभित्रै समाबेस गरेको छ । त्यस्तै कृषि विकास मन्त्रालय र पशु विकास मन्त्रालय अन्तर्गतको एक स्थानीय तह एक प्राबिधिक कार्यक्रम अन्तर्गतको कार्यक्रम प्राबिधिकको तलब र पोशाक भत्ता समेत यसै अनुदानमा बिनियोजन गरिएको छ ।

**अध्यक्ष महोदय,**

कूल बजेट सीमाबाट अनुदान बापतको रकम घटाउँदा कायम हुन आउने रकम रु.१६ करोड ९९ लाख ५९ हजार ७ सय अठार रुपैया बत्तिस पैसा मध्ये चालु खर्च बापत सामाजिक सुरक्षा सहित २३.८४% अर्थात ५ करोड ६४ लाख ४२ हजार र बाँकी ७६.१६% अर्थात १८ करोड २ लाख ९९ हजार ७ सय अठार रुपैया बत्तिस पैसा पूँजीगत खर्च बापत बिनियोजन गरेको छु । यो

पूँजीगत खर्चलाई पनि क्षेत्रगत आधारमा आर्थिक विकास, पर्यटन विकास, पूर्वाधार विकास, वातावरण तथा बिपत व्यवस्थापन, विकास र सँस्थागत विकास तथा सेवा प्रवाह गरी ५ क्षेत्रमा बिभाजन गरी बिनियोजनको व्यवस्था मिलाएको छु । अब म विभिन्न बिषयगत शीर्षक अनुसारको बजेट बिनियोजन प्रस्तुत गर्न चाहन्छु ।

## आर्थिक विकास :

यस शीर्षक अन्तर्गत कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्र पर्दछन् । जसका लागि यस आ.ब.मा व्यवसायिक तरकारी खेती तालिम, फलफुल नर्सरी व्यवस्थापन, उन्नत मकै, अदुवा, वेसार विऊ उत्पादन, कृषि सम्वन्धि उन्नत जातका विऊविजन खरिद, पशुपक्षी सम्वन्धि औषधी खरिद, कृषि पकेट क्षेत्र विस्तार, भकारो सुधार, वाखापालन व्यवसायका लागी बोका खरिद, फलफुल खेतीका लागी विरुवा खरिद, मौसमी तथा वेमौसमी तरकारी खेती लगायतका कार्यक्रमहरुका लागि एकमुष्ट रु. ५७ लाख ५९ हजार विनियोजन गरेको छु ।

## सामाजिक विकास :

यस शीर्षक अन्तार्तत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सँस्कृति प्रबर्द्धन, खेलकूद तथा मनोरञ्जन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लगायतका क्षेत्रहरु पर्दछन् । जसका लागि यस आ.व. मा विद्यालयको संरक्षण तथा प्रवर्धन, खोप क्लिनिक भवन निर्माण, क्षयरोग पोषण कार्यक्रम, स्वंयम् सेविका प्रोत्साहन कार्यक्रम, खानेपानी योजनाका लागि  पाइप खरिद, टोल स्तरीय खेलकुद प्रतियोगिता, गाउँघर क्लिनिक भवन निर्माण, स्टेचर खरिद, मठमन्दिरको निर्माण तथा संरक्षण ,वालविवाह विरुद्ध चेतनामुलक कार्यक्रम, वर्थिगं सेन्टर भवन सुदृढिकरण जस्ता कार्यक्रमहरुका लागि एकमुष्ट रु.२ करोड ७२ लाख ५६ हजार पाँच सय सामाजिक विकासमा विनियोजन गरेको छु ।

## पूर्वाधार विकास :

यस क्षेत्र अन्तर्गत स्थानीय सडक तथा पुल, सिँचाई, भवन तथा शहरी विकास, उर्जा, लघु तथा साना जलबिद्युत, सञ्चार लगायतका बिषयहरु समेटिएका छन् । जसका लागि यस आ.व. मा देविस्थान, धनचौर, उदयपुरकोट हुँदै स्वर्गद्वारी जोड्ने मोटरबाटो निर्माणकोलागि रु ५६ लाख ५० हजार, तल्लो सिमलचौर वडार हुदै उपल्लो सिमलचौर मोटरवाटो निर्माणको लागि रु. १२ लाख ५० हजार , यसैगरी तल्नो छविसे सिचाई कुलो निर्माण, तिरामको वडा कार्यालयमा प्रतिक्षालय निर्माण, तिराम गणेश मा.वि.देखी सुन्नानी मा.वि.मर्कावागं जोडने मोटर वाटो निर्माणको लागी रु. १८ लाख, सुरक्षित वालवालिका स्वास्थ्य आमा समुह भवन निर्माण , नयाँगाउँ वडा कार्यालयवाट

आँपचौर धनचौर हुदै उदयपुरकोट डाँडा कटेरी जोडने सडक निर्माणको लागी रु. १६ लाख ५० हजार ,लिफ्ट सिचाई कुलो माझटोल देखी उपल्नो टोल सम्म विस्तार , नयाँगाउँ वडा कार्यालय हल निर्माण,  उदयपुरकोट वडा कार्यालय देखी सल्लीखर्क सिरुवारी नरसु जोडने मोटर वाटो निर्माणको लागी रु १२ लाख, खेलकुद निर्माण योजना, जुजुनेटा सिरुवारी जोडने मोटर वाटो निर्माण रु.१२ लाख , अर्दुश लिप्ट सिचाई पक्की कुलो निर्माण, महिला सहकारी भवन निर्माण लगायत अन्य पुर्वाधार विकास तर्फ एकमुष्ट रु. ३ करोड ५५ लाख ८५ हजार रकम विनियोजन गरेको छु ।

## वातावरण तथा बिपत ब्यवस्थापन

यस अन्तर्गत वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, विपत व्यवस्थापन लगायतका क्षेत्रहरु पर्दछन । यी सबै क्षेत्रहरुका लागि वडा कार्यालयहरु मार्फत सञ्चालन हुने बिभिन्न कार्यक्रमहरुमा एकमुष्ट रु. ६० लाख १२ हजार विनियोजन गरेको छु ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन

यस अन्तर्गत सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जीकरण व्यवस्थापन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रबर्द्धन, अनुसन्धान तथा विकास लगायतका क्षेत्रहरु पर्दछन् । यी सबै कार्यक्रमहरुका लागि वडा कार्यालयहरु मार्फत सञ्चालन हुने विभिन्न कार्यक्रमहरुका लागि एकमुष्ट रु. १ करोड १३ लाख ८४ हजार २ सय अठार रुपैया वत्तीस पैसा विनियोजन गरेको छु ।

## अध्यक्ष महोदय,

अब म विषयगत कार्यक्रमको लागि गरिएको बजेट बिनियोजन प्रस्तुत गर्न चाहन्छु ।

१) वन मन्त्रालय अन्तर्गत साबिकमा सञ्चालित जडिबुटी विकास कार्यक्रम वृक्ष सुधार, वृक्षारोपण तथा नीजि वन कार्यक्रम, सामुदायिक तथा कबुलियति बन विकास कार्यक्रम, स्थानीय स्तरमा सञ्चालन हुने भू-संरक्षण कार्यक्रम र सामुदायिक विकास तथा बन जलाधार संरक्षण कार्यक्रमको लागि एकमुष्ट रकम रु. १२ लाख विनियोजन गरेको छु ।

२) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत साबिकमा सञ्चालित महिला विकास जागृति कार्यक्रम र महिला विकास कार्यक्रमका लागि एकमुष्ट रु.८ लाख बिनियोजन गरेको छु ।

३) कृषि विकास मन्त्रालय अन्तर्गत साविकमा सञ्चालित कार्यक्रम व्यवसायिक किसानको वर्गीकरण तथा किसान कार्ड वितरण, वाली विकास कार्यक्रम, कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास

कार्यक्रम तथा सहकारी खेती, मल-विऊ ढुवानी कार्यक्रम, कृषि प्रसार कार्यक्रम आदिका लागि एकमुष्ठ रु.३५ लाख बिनियोजन गरेको छु ।

४) पशु विकास मन्त्रालय अन्तर्गत साबिकमा सञ्चालित बंगुर तथा कुखरा सहकारी कार्यक्रम, पशु-पंक्षी बजार प्रबर्द्धन कार्यक्रम, पशु आहार विकास कार्यक्रम, पशु स्वास्थ्य नियमन कार्यक्रम र पशु सेवा प्रसार कार्यक्रमका लागि एकमुष्ट रु.२२ लाख छुट्याएको छु ।

**अध्यक्ष महोदय,**

अब म आगामी आ.व. मा विनियोजन गरिएका अन्य क्षेत्रहरुको विवरण प्रस्तुत गर्न चाहन्छु :

१) साबिकमा सञ्चालन भई आएकोमा नियमानुसार दायित्व सिर्जना भएका वा थप निरन्तरता दिन आवश्यक देखिएका कार्यक्रमहरुलाई निरन्तरता दिएको छु । यसका लागि **समपूरक कोष** बापत रु. ३४ लाख विनियोजन गरेको छु ।

२) गाउँ कार्यपालिका, गाउँ सभा र वडा समितिका पदाधिकारीहरुका लागि पारिश्रमिक र बैठक वसेको दिनको वैठक भत्ता तथा यातायात सुविधा लगायतका सुविधा संघ तथा प्रदेश कानुन वमोजिम आवश्यक व्यवस्था मिलाईनेछ ।

३) विभिन्न NGO, INGO हरुको सहकार्य विना सबै काम एक्लैले सम्भव छैन । यस जिल्लामा कार्यरत NGO, INGO लगायत अन्य संघ संस्थाहरुका कार्यक्रमहरु अब यस गाउँपालिकाको निर्णय र समन्वय अनुसार सञ्चालन हुनेछन् । विभिन्न NGO, INGO हरुको सहकार्यमा गरिने कार्यक्रमहरुको लागि पनि केही रकम समपूरक कोषमा विनियोजन गरेको छु ।

४) यस क्षेत्रमा बिद्यामान र आउन सक्ने प्रकोप तथा बिपतहरुलाई समेत ध्यानमा राखी विभिन्न विपत व्यवस्थापन कोषहरुमा रहने गरी विउ पूँजीमा रु.५ लाख विनियोजन गरेको छु ।

५) सामाजिक न्याय सहितको समतामूलक समाजको स्थापना गर्ने तथा सुशासन कायम गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछन् । सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई लगायतका कार्यक्रमहरुलाई समावेश गरेको छु । साथै गाउँपालिका स्तरीय अनुगमन समिति, लेखा समितिमार्फत योजना तथा कार्यक्रको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन मूल्यांकन गरी पारदर्शिता तथा मितव्ययीता कायम गर्ने व्यवस्था मिलाएको छु ।

६) सार्वजनिक निर्माणमा जथाभावी Heavy Equipment लगाउने कार्यक्रमलाई व्यवस्थित गर्न आगामी आर्थिक वर्षदेखि Heavy Equipment (उपकरणहरु) प्रयोग गर्दा वा सञ्चालन गर्दा गाउँपालिकाको अनुमति लिनुपर्ने व्यवस्था गरिनेछ । हाम्रो गाउँपालिकाको भौगोलिक विकटताको कारण नियमित यातायात सेवा प्रदान गर्न समस्या परेकाले यातायात व्यवस्था

नियमित गर्न आगामी आर्थिक बर्षमा प्रकृया अगाडि बढाउने गरी JCB खरिदका लागी आवश्यक बजेट रु.४२ लाख बिनियोजन गरेको छु । यस्तै अन्य मेसिनरी औजारका लागि समेत आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७) **"जेष्ठ नागरिकको सम्मान माण्डवीको शान"** कार्यक्रम अन्तर्गत यस गाउँपालिकाका पाँच वटै वडाका ७५ बर्ष माथिका बृद-बृद्धाहरुलाई सम्मान कार्यक्रमको लागी एकमुस्ट रु.४ लाख ५० हजार वजेट ब्यवस्था मिलाएको छु ।

८) **"राष्ट्रका लागी खेल माण्डवीका युवाहरुको मेल"** कार्यक्रम अर्न्तगत यस माण्डवी गाउँपालिका भित्र खेलकुद विकासको लागी गाउँपालिका स्तरीय खेलकुद मैदान निर्माण को लागी एकमुष्ठ रु ८ लाख वजेट विनियोजन गरेको छु ।

९) नेपाल सरकारले लिएका राष्ट्रिय लक्ष्यहरु तथा अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धता र सो बाट सिर्जित दायित्वालई समेत प्राथमिकता दिएको छु । आगामी ५ बर्षभित्र सबै वडा कार्यालयहरुका सुविधा सम्पन्न सभाहल र भौतिक संरचनाको व्यवस्था गरिनेछ । त्यस्तै गाउँपालिकाको कार्यालय र वडा कार्यालय जोड्ने मोटर बाटोलाई स्तरोन्नति तथा विस्तार गर्दै लगिनेछ । यस आ.व.मा गाउँपालिकाको भवन निर्माणका लागि आवश्यक जग्गा सकेसम्म निशुल्क प्राप्त गर्ने व्यवस्था मिलाइने छ । साथै गाउँपालिकाको भवन निर्माणका लागि रु. ५० लाख वजेट विनियोजन गरेको छु ।

१०) निर्माणाधीन पूर्वाधारहरको समयमै सम्पन्न गर्ने गरी व्यवस्था मिलाउन पहल गरिनेछ । अत्यवश्यक सडकहरुको स्तर उन्नति र निर्माण कार्यलाई थप स्रोत सहित निरन्तरता दिने व्यवस्था मिलाएको छु ।

११) एउटै निर्माण व्यवसायीले आफ्नो क्षमता भन्दा बढी कार्यको लागि धेरै वटा ठेक्का लिने र कार्य नगर्ने प्रवृत्तिको अन्त्य गरिनेछ । गाउँपालिका क्षेत्रभित्र बाट छुट्ने वा आईपुग्ने सवारी साधनहरुको समय सीमा निर्धारण गरिनेछ । र यसका लागि Time Card लागू गर्नका लागि सम्वन्धित क्षेत्रसँग समन्वय गरी प्रकृया अगाडि बढाईनेछ ।

१२ सार्वजनिक सेवा प्रवाहलाई जनताको अधिकारको रुपमा स्थापित गरिनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ । सुशासन कायम गर्न राम्रो र असल कार्य गर्ने कर्मचारीहरुलाई प्रोत्सहन स्वरुप सम्मान कार्यक्रमको व्यवस्था मिलाएको छु ।

१३) कतिपय कार्यक्रम तथा आयोजनाहरुमा देखिने दोहोरोपन घटाउन गाउँपालिका क्षेत्रभित्र हुने जुनसुकै कार्यक्रमहरु गाउँपालिकाको मातहतबाट नै सञ्चालन हुने व्यवस्था मिलाएको छु । यो

बजेट कार्यक्रमले नसमेटेका तथा समेट्न नसकिएका अन्य कार्यक्रमहरुलाई आगामी दिनहरुमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम जनसंख्या, भूगोल लगायत अन्य वर्ण, लिङ्ग, क्षेत्र, समुदायहरु समेतलाई मध्यनजर गर्दै समतामूलक ढङ्गले बिनियोजन गर्दै लगिनेछ । र सो अनुसार नै विनियोजनको व्यवस्था मिलाउने छु ।

१४) हाल यो बजेटको सिलिङमा नपरेका अन्य योजना तथा कार्यक्रमहरुलाई गाउँपालिकाले आफ्नो आन्तरिक स्रोत र विभिन्न बिषयगत कार्यालयहरुबाट पछि प्राप्त हुने स्रोत अनुसार प्राथमिकताको आधारमा बजेट बिनियोजन गर्दै लगिनेछ भने ठूला प्रकृतिका आयोजना कार्यक्रमहरुलाई प्रदेश सरकार तथा केन्द्र सरकार समक्ष अनुरोध गरिने व्यवस्था मिलाईनेछ ।

**अन्त्यमा,**

. योजना बाट बजेट तयार गरेर मात्रै हुँदैन, त्यसको प्रभावकारी कार्यन्वयन हुन नसकेमा अपेक्षित उपलब्धी हाँसिल गर्न सकिँदैन । तसर्थ यसको कार्यन्वयनमा यहाँहरु सबैको सहभागिता, सल्लाह, सुझाव र मार्गदर्शनको अपेक्षा गर्दछु । समस्याहरु धेरै छन् सबैको एकै पटक समाधान सम्भव छैन । त्यसैलै तपाई हामी सबैले काँधमा जिम्मेवारी मस्तिष्कमा समझदारी र हृदयमा इमान्दारीताको भावना लिएर मन, वचन र कर्मले प्रतिवद्ध र एकातावद्ध हुन जरुरी छ । यो बजेट तयार गर्ने क्रममा माण्डवी गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्‍याउनु हुने आम नागरिकहरु, कर दाताहरु, राष्ट्रसेवक कर्मचारीहरु, निजी क्षेत्र, विकास साझेदारहरु, सरकारी तथा गैरसरकारी तथा सामुदायिक संस्थाहरु, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार ब्यक्त गर्दछु र यो बजेटको सफल कार्यन्वयनको लागि सहयोगको अपेक्षा गर्दछु ।

**≈ धन्यवाद ≈**

# अनुसूचिहरू

# आय व्ययको विवरण

**आ.व.२०७४/७५**

**अनुसूची-१**

**रु. मा**

| **शीर्षक** | | **आ.व. ०७४/७५ को अनुमान** |
|---|---|---|
| **आयः** | | |
| | **राजस्वः** | |
| | आन्तरिक राजस्व | २५००००००.०० |
| | अन्य आय/ रेयल्टी बापत | १००००००.०० |
| | **जम्मा** | **३५००००००.००** |
| | | |
| | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | |
| | नेपाल सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण अनुदान | १२३४५२०००.०० |
| | नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान | ६६७८२०००.०० |
| | नेपाल सरकारबाट प्राप्त पूर्वाधार विकास अनुदान | ४८००००००.०० |
| | सञ्चित कोषमा सञ्चित रकम | २२१७६१८.३२ |
| | **जम्मा** | **१९७२५१६१८.३२** |
| | **जनसहभागिताः** | |
| | नगद सहभागिता | ६९९५०५०.०० |
| | श्रम सहभगिता | ६९९५०५०.०० |
| | **जम्मा** | **१३९९०१००.००** |
| | | |
| | **सामाजिक सुरक्षा** | |
| | सामाजिक सुरक्षा भत्ता वापत प्राप्त हुने रकम | २२००००००.०० |
| | **जम्मा** | **२२००००००.००** |

| | | |
|---|---|---|
| | **कूल जम्मा** | **२३६७४१७१८।३२** |
| | | |
| **व्ययः** | | |
| **चालु खर्च** | प्रशासिनक तथा अन्य चालु | ३४४४२०००.०० |
| | सशर्त अनुदान | ६६७८२०००.०० |
| | सामिजिक सुरक्षा | २२००००००.०० |
| पूँजिगत खर्च | पूँजिगत खर्च | ११३५१७७१८.३२ |
| | **जम्मा** | **२३६७४१७१८.३२** |
| **बजेट बचत (+)/न्यून (-)** | | **०.००** |

| | | |
|---|---|---|
| **वित्तीय व्यवस्था** | | **०.००** |
| | **खुद ऋण लगानी** | **०.००** |
| | ऋण लगानी (-) | ०.०० |
| | ऋण लगानीको सावाँ फिर्ता प्राप्ती (+) | ०.०० |
| | **खुद शेयर लगानी** | **०.००** |
| | शेयर लगानी (-) | ०.०० |
| | शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+) | ०.०० |
| | **खुद ऋण प्राप्ती** | **०.००** |
| | ऋणको साँवा भुक्तानी (-) | ०.०० |
| | ऋण प्राप्ती (+) | **०.००** |

| | |
|---|---|
| **अन्तिम बजेट बचत (+)/न्यून (-)** | **०.००** |

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

**आ.व.२०७४/७५**

**अनुसूची-२**

| शीर्षक | | आ.व. ०७३/७४ को यथार्थ विवरण | आ.व. ०७४/७५ को लक्ष्य |
|---|---|---|---|
| **राजस्वः** | | | |
| | **आन्तरिक राजस्वः** | | |
| | सम्पत्ती कर | | ६२००००.०० |
| | घरबहाल कर | | १००००.०० |
| | घरजग्गा रजिष्ट्रेशन शुल्क | | **०.००** |
| | सवारी साधन कर | | ५००००.०० |
| | सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा) | | ५०००००.०० |
| | दस्तुर (स्थानीय तहबाट हुने सिफारिस लगायतमा) | | ५०००००.०० |
| | पर्यटन शुल्क | | ०.०० |
| | विज्ञापन कर | | २००००.०० |
| | व्यवसाय कर | | ३०००००.०० |
| | भूमिकर (मालपोत) | | ३०००००.०० |
| | दण्ड जरिवाना | | ०.०० |
| | मनोरञ्जन कर | | ०.०० |
| | मालपोत संकलन | | ०.०० |
| | बहाल विटौरी घर जग्गा कर | | ०.०० |
| | मृत वा मारिएका जीव जन्तुको हाड, सिंग, प्वाँख, छालामा कर | | ०.०० |
| | प्राकृतिक स्रोत साधन व्यवसायिक कर | | २०००००.०० |
| | शेयर लगानीबाट प्राप्त लाभांश तथा पूँजिगत लाभ आय | | ०.०० |
| | ऋण लगानीबाट प्राप्त व्याज आय | | ०.०० |
| | अन्य रेयल्टी वापत | | १००००००.०० |

| | | | |
|---|---|---|---|
| | **जम्मा** | | **३५०००००.००** |
| | **राजस्व बाँडफाँडः** | | |
| | राजस्व बाँडफाँड प्राप्ति (+) | | ०.०० |
| | राजस्व बाँडफाँड हस्तान्तरण (-) | | ०.०० |
| | | | ०.०० |
| | **अन्य आयः** | ० | |
| | साविक स्थानीय निकायबाट हस्तान्तरण भई प्राप्त रकम | | ०.०० |
| | गत वर्षको नगद मौज्दात | | २२१७६१८.३२ |
| | पूर्वाधार विकासको पूजीँगत रकम | | ४८०००००.०० |
| | **जम्मा** | | **७०१७६१८.३२** |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरणः** | | ० | **०.००** |
| | **नेपाल सरकारबाट प्राप्त अनुदानः** | | |
| | वित्तीय समानीकरण अनुदान | | १२३४५२०००.०० |
| | सशर्त अनुदान | | ६६७८२०००.०० |
| | **जम्मा** | | **१९०२३४०००.००** |
| **जनसहभागिताः** | | | |
| | नगद सहभागिता | | ६९९५०५०.०० |
| | श्रम तथा वस्तुगत सहायता | | ६९९५०५०.०० |
| | **जम्मा** | | **१३९९०१००.००** |
| **सामाजिक सुरक्षा** | | | |
| | **नेपाल सरकारबाट प्राप्त अनुदानः** | | **२२००००००.००** |
| | **कूल जम्मा** | | **२३६७४१७१८.३२** |

# येजना तथा कार्यक्रमको कार्यक्षेत्रगत व्यय अनुमान

**आ.व.२०७४/७५**

**अनुसूची-३**

**रु. मा**

| संकेत नं. | शीर्षक | आ.व.२०७४/७५ को अनुमान | श्रोत | | |
|---|---|---|---|---|---|
| | | | प्रतिशत | अन्तर सरकारी वित्तीय हस्तान्तरण<br>ने□ाल सरकार | जन सहभागिता |
| **१०** | **आर्थिक विकास** | **५७५९०००.००** | **६.७०** | **४९७४२००.००** | **७८४८००.००** |
| १०१० | कृषि | २१५४०००.०० | २.५० | १९८४२००.०० | १६९८००.०० |
| १०२० | उद्योग तथा वाणिज्य | २०००००.०० | ०.२३ | २०००००.०० | ०.०० |
| १०३० | पर्यटन | १८९५०००.०० | २.२० | १५४६०००.०० | ३४९०००.०० |
| १०४० | सहकारी | १५१००००.०० | १.७६ | १२४४०००.०० | २६६०००.०० |
| १०५० | वित्तीय क्षेत्र | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **२०** | **सामाजिक विकास** | **२७२५६५००.००** | **३१.६९** | **२३१०४६००.००** | **४१५१९००.००** |
| २०१० | शिक्षा | ७०४००००.०० | ८.१९ | ५७९८०००.०० | १२४२०००.०० |
| २०२० | स्वास्थ्य | २८०२०००.०० | ३.२६ | २५६४६००.०० | २३७४००.०० |
| २०३० | खानेपानी तथा सरसफाइ | १४०३७५००.०० | १६.३२ | ११३६५०००.०० | २६७२५००.०० |
| २०४० | संस्कृति प्रवर्द्धन | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २०५० | खेलकुद तथा मनोरञ्जन | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २०६० | लैगिक समानता तथा सामाजिक समावेशीकरण | ३३७७०००.०० | ३.९३ | ३३७७०००.०० | ०.०० |
| **३०** | **□ूर्वाधार विकास** | **३५५८५०००.००** | **४१.३८** | **२८५४४०००.००** | **७०४१०००.००** |
| ३०१० | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | २३८७५०००.०० | २७.७६ | १९१००००.०० | ४७७५०००.०० |
| ३०२० | सिंचाई | ५९२८०००.०० | ६.८९ | ४७७८४००.०० | ११४९६००.०० |
| ३०३० | भवन तथा सहरी विकास | ५७८२०००.०० | ६.७२ | ४६६५६००.०० | १११६४००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३०४० | उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ३०५० | सञ्चार | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **४०** | **वातावरण तथा विपद व्यवस्थापन** | **६०१२०००.००** | **६.९९** | **५००८६००.००** | **१००३४००.००** |
| ४०१० | वन तथा भु-संरक्षण | ४०७०००.०० | ०.४७ | ३२५६००.०० | ८१४००.०० |
| ४०२० | जलाधार संरक्षण | १६००००.०० | ०.१९ | १४८०००.०० | १२०००.०० |
| ४०३० | वातावरण संरक्षण, जलवायु परिवर्तन | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ४०४० | फोहरमैला तथा ढल व्यवस्थापन | ६१००००.०० | ०.७१ | ५९८०००.०० | १२०००.०० |
| ४०५० | जलउत्पन्न प्रकोप नियन्त्रण | ४४९००००.०० | ५.२२ | ३५९२०००.०० | ८९८०००.०० |
| ४०६० | विपद व्यवस्थापन | ३४५०००.०० | ०.४० | ३४५०००.०० | ०.०० |
| ४०७० | वारुण यन्त्र सञ्चालन | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **५०** | **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** | **११३८४२१८.३२** | **१३.२४** | **११२४०२१८.३२** | **१४४०००.००** |
| ५०१० | सामान्य सेवा | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ५०२० | सुरक्षा व्यवस्थापन | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ५०३० | सूचना प्रविधि | १०००००.०० | ०.१२ | १०००००.०० | ०.०० |
| ५०४० | पञ्जिकरण व्यवस्थापन | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ५०५० | स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ५०६० | सुशासन प्रवर्द्धन | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ५०७० | अनुसन्धान तथा विकास | १२०८०००.०० | १.४० | १०६४०००.०० | १४४०००.०० |
| ५०८० | अन्यत्र वर्गिकृत नभएको | १००७६२१८.३२ | ११.७२ | १००७६२१८.३२ | ०.०० |
| **कूल जम्मा** | | **८५९९६७१८.३२** | **१००.००** | **७२८७१६१८.३२** | **१३१२५१००.००** |

संचित कोषबाट बिनियोजन हूने रकम

## आ.व. २०७४।०७५

**अनुसूची ४**

| क्र सं | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूजिगत खर्च | वितीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गाउं कार्यपालिका तथा गाउंपालिका | ३०१५००००.०० | ४२४६४२१८.३२ | ०.०० | ७२६१४२१८.३२ |
| २ | | वडा समिति तथा वडा कार्यालय | ४२९२०००.०० | ४९३६३४००.०० | ०.०० | ५३६५५४००.०० |
| ३ | | विषयगत शाखा | ०.०० | ७७०००००.०० | ०.०० | ७७०००००.०० |
| ४ | | ऋणको सांवा व्याज भुक्तानी | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ५ | | लगानी शेयर ऋण | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ६ | | सशर्त अनुदान | ०.०० | ६६७८२०००.०० | ०.०० | ६६७८२०००.०० |
| ७ | | जनसहभागिता | ०.०० | १३९९०१००.०० | ०.०० | १३९९०१००.०० |
| ८ | | सामाजिक सुरक्षा | २२००००००.०० | ०.०० | ०.०० | २२००००००.०० |
| **जम्मा** | | | **५६४४२०००.००** | **१८०२९९७१८.३२** | **०.००** | **२३६७४१७१८.३२** |
| **सामाजिक सुरक्षा सहित प्रतिशत** | | | **२३.८४** | **७६.१६** | | **१००.००** |
| **सामाजिक सुरक्षा वाहेक प्रतिशत** | | | **१४.५५** | | | |